७. ढुवानी साधनको हस्तान्तरण पछि मर्मत संभार तथा अन्य दायित्व सम्बन्धित कृषक, कृषि फर्म/समूह/सहकारीको हुनेछ ।

८. माण्डवी गाउँपालिकाले तोकेको ढुवानी दररेट अनुसार ढुवानी गर्नुपर्ने ।

**७. संचालन गर्न सकिने क्रियाकलापहरु**

१. प्रचलित नियमानुसार निवेदकले ढुवानी साधन खरिद गर्ने

२. कार्यालयले ढुवानी साधनको एकीकृत अभिलेख तयार पार्न नियमित अनुगमन गर्ने

**८. अनुदान (सिमा रकम/प्रतिशतमा)** : माण्डवी गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि कृषि एम्बुलेन्स संचालन कार्यक्रम संचालन हुनेछ । गाउँपालिकाले छनौट भएका आवेदकलाई रु ५ लाख देखि बढीमा १२ लाख ५० हजार सम्म अनुदान उपलब्ध गराईनेछ र बाँकि रकम स्वयं कृषक / फर्म / कृषि उद्यमी /कम्पनी/कृषक समूह /सहकारी संस्था /उपभोक्ता समिति / संघ संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद-५
## कार्यक्रम संचालन प्रक्रिया

**९. प्रस्ताव आव्हान/सुचना प्रवाहः**-माण्डवी गाउँकार्यपालिकाको कार्यालयले कम्तिमा ७ दिनको म्याद दिएर अनुसूची-१ बमोजिमको आधारमा सूचना प्रकाशन गर्नेछ ।प्रथम पटकमा प्रकाशित सूचनामा प्रयाप्त आवेदन नपरेमा दोश्रो पटक सूचना प्रकाशित कार्यालयले गर्नेछ ।यस्तो सुचना सरोकारवाला सबैको जानकारीका लागि स्थानीय तहको सूचनापार्टी, वेव साईटमा समेत राखिनेछ।

**१०. प्रस्ताव पेशः** सूचना प्रकाशन भएको समय भित्र प्रस्ताव पेश गर्न इच्छुक कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी/ निजि फर्म/कम्पनी/संस्थाले निवेदनका साथ प्रस्ताव पेश गर्नु पर्नेछ । निवेदनका साथमा वडा कार्यालयको सिफारिस, नागरिकताकताको प्रमाणपत्रको प्रतिलिपि, कार्ययोजना, स्वघोषणा लगायत सुचनामा उल्लेख भए अनुसारको आवश्यक कागजात गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**११. प्रस्ताव मुल्यांकन र सिफारिसः** दफा ६ बमोजिम पेश भएका प्रस्तावहरु सम्बन्धित शाखाले काम्पाईल गरि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठन भएको दफा १५ बमोजिमको समितिमा पेश गर्नेछ ।

२. निवेदकले कार्यशर्त सहितको योजना अनुसार छनौट भई सकेपछी सम्झौता अनुसार कृषि एम्बुलेन्स खरिद प्रक्रिया पुरा गरी कागजात सहित भुक्तानीका लागि माग भएपछी तोकिएको सीमामा सक्कल बील भर्पाईका आधारमा भुक्तानी गरिनेछ।

३.भुक्तानिको अन्य प्रकृयाहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ।

४.भुक्तानी माग भएपछी कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरि प्रतिवेदन प्राप्त भएपछी अनुदानग्राहिको बैकमा खोलिएको बैंक खाता मार्फत कर कट्टी गर्नुपर्ने भएमा नियमानुसार कर कट्टी गरि भुक्तानी गरिनेछ ।

५. कृषक कृषक समुह वा कृषक सहकारीले तोकिएको कार्य सम्पन्न गरि बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको अनुगमन गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

६. अन्य कुराहरु सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद-६

## समिति सम्बन्धि व्यवस्था

**१५. कार्यक्रम कार्यान्वायन, व्यवस्थापन र मुल्यांकन समिति**
:१ )कार्यक्रम कार्यान्वयन, व्यवस्थापन र मुल्यांकन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

